सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५३ | गान्तोक, (शुक्रबार) २७ नोभेम्बर, २०२० | अङ्क ३२

## मुख्यमन्त्री प्रधानमन्त्रीसितको सम्मेलनमा सहभागि




**गान्तोक।** प्रधानमन्त्री नरेन्द्र मोदीले २४ नोभेम्बरको दिन भिडियो सम्मेलनको माध्यमबाट सिक्किममा कोभिड् १९-को अवस्था र खोप कार्यक्रमको कार्यान्वयनका लागि तयारिको समिक्षा गर्नुभयो। सभामा अन्य बाहेक मुख्यमन्त्री प्रेमसिंह तामाङ तथा स्वस्थ्य मन्त्री डा. एमके शर्माले सहभागिता जनाउँनुभयो। प्रधानमन्त्रीले खोप उपलब्ध हुनासाथै कोभिड १९ खोप कार्यक्रमको सुचारू कार्यान्वयनका लागि तयार रहन राज्यसित आग्रह गर्नुभएको छ। यसमा मानवशक्ति अभिमुखीकरण सुनिश्चित गर्नु, प्रशिक्षणको उपलब्धता, राज्य तथा जिल्ला अस्पतालहरूमा कोल्ड चेन उपलब्धताको सुनिश्चित साथै गलत जानकारिबाट बाँच्न खोप कार्यक्रममाथि जन जागरूकता फैलाउनु आदि सामेल छन्।

हल पृष्ठ ४ मा..

## गेजिङ जिल्ला अस्पतालमा आईसीयू सुविधा उपलब्ध



**गेजिङ।** ग्रामीण विद्युतीकरण निगम फाउण्डेशनको सीएसआरमार्फत यस जिल्लामा स्वास्थ्य हेरचाहमा थालनीका साथै १० पलङ भएको आईसीयू-को उद्घाटन कृषि, बागवानी, पशुपालन तथा सूचना एवं जन सम्पर्क विभाग मन्त्री लोकनाथ शर्माको बाहुलिद्वारा गरियो। उद्घाटन पछि यो सुविधा जिल्ला अस्पताल लगायत जिल्लावासीलाई सुम्पिएको छ। कार्यक्रममा याङथाग क्षेत्रका विधायक एवं जनस्वास्थ्य अभियान्त्रीकि एवं सिँचाई विभाग मन्त्री भिमहाङ सुब्बा, पश्चिम जिल्लाका जिल्लापाल कर्मा आर बोन्पो, मुख्य मन्त्रीका अतिरिक्त राजनीतिक सचिव मधुसूदन शर्मा लगायत अन्यको उपस्थिति थियो।

आईसीयू-को उद्घाटनपछि गेजिङ कन्या वरिष्ठ माध्यमिक विद्यालय परिसरमा सम्पन्न कार्यक्रममा स्वगत सम्बोधन राख्दै जिल्लापाल बोन्पोले सीएसआर कोषबाट आईसीयू-को निर्माण गरिएको साथै यो जिल्ला नीति आयोगअन्तर्गत पछौटे भएको कारण यसअन्तर्गत सबै प्राथमिक स्वास्थ्य

हल पृष्ठ ३ मा..

## तिमिमा आयोजित शरद उत्सवको समापन




**तिमी।** दक्षिण जिल्लास्थित तिमिमा आयोजित शरद उत्सवको समापन २३ नोभेम्बरमा सम्पन्न भयो। समापन कार्यक्रमको अन्तिम दिन मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रुपमा रहनुभएको थियो। उक्त उत्सव तिमी चियाबारीमा आयोजना गरिएको थियो भने उत्सवको प्रतिविषय 'स्थानीयको निम्ति स्थानीय' रहेको थियो। समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यका मानिसहरूलाई आत्मनिर्भर बन्न स्थानीय व्यवसायलाई नै प्रोत्साहित गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुहुँदै स्थानीय व्यसायलाई प्रोत्साहन गर्न सके मात्र मानिसहरू आत्मनिर्भर बन्न सक्ने धारणा राख्नुभयो। आफ्नो व्यवसाय स्थानीय स्तरमा शुरू गर्ने चाहने मानिसहरूलाई राज्य सरकारले निरन्तर सहयोग गरिरहेको उल्लेख गर्नुहुँदै उद्यमशीलताको माध्यमबाटै मानिसहरूले आफ्नो निम्ति फाइदा उठाउन र अरूलाई पनि रोजगारी प्रदान गर्नसक्ने बताउनुभयो। मुख्यमन्त्रीले राज्य सरकारका विभिन्न पर्यटन परियोजनाबारे मानिसहरूलाई जानकारी दिनुहुँदै नयाँ प्रकारले शुरू गरिने सजातीय होमस्टे परियोजनमाथि प्रकाश पार्नुभयो। मुख्यमन्त्रीले होम स्टेहरूको बारेमा जानकारी दिनुहुँदै होम स्टेको प्रोजेक्टलाई नेपाली, भोटिया र लेप्चा गरी तीन वर्गमा विभाजित गरिने, होम स्टे लगभग कटेज ढाँचाको र कम्तीमा पाँचवटा कोठाको हुनुपर्ने बताउँनुभयो। उहाँले प्रोजेक्टका यी वर्गले राज्यका तीन समुदायका जीवन शैली, परम्परा र संस्कृति झल्काउनेछ भन्ने थप बताउँनुभयो।

यस अवसरमा मुख्यमन्त्रीले तिमि चिया कमानबाट खेल मैदानसम्म जाने सड्क मार्गको चाँडै कार्पेटिङ गरिने घोषणा गर्नुभयो। उहाँले क्षेत्रमा अन्य सड्क विकास परियोजनामाथि पनि प्रकाश पार्नुभयो। स्थानीय मानिसहरूलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्रीले कोभिड-१९ प्रोटोकललाई पालन गर्दै नियमित मास्क लगाउन र शारीरिक दुरीलाई बनाइराख्न आग्रह गर्नुभयो। उहाँले राज्य सरकारले गरीब आवास योजना शुरू गरेर यसको माध्यमबाट गरीब मानिसहरूलाई आधारभूत सुविधा उपलब्ध गरिरहेको जानकारी दिनुहुँदै तिमि क्षेत्रमा यो योजनाबाट २० वटा घर निर्माण हुने बताउनुभयो।

कार्यक्रममा क्षेत्र विधायक तथा पर्यटन मन्त्री श्री बी.एस पन्त वन विभागका मन्त्री कर्मा लोडे भोटिया, विधायकगण, विभिन्न विभागका सल्लाहकार, अध्यक्ष, पञ्चायत, अधिकारी र स्थानीय मानिसहरूको उपस्थिति रहेको थियो।

हल पृष्ठ ४ मा..

## अल्पाइन स्पोर्टिङ क्लब बन्यो 'कञ्चनजङ्घा शिल्ड २०२०-को विजेता'



**गान्तोक।** पूर्व सिक्किमको रम्फूछेउ माइनिङस्थित सिक्किम क्रिकेट खेलमैदानमा २२ नोभेम्बरका दिन आयोजित क्रिकेट प्रतियोगितामा ब्ल्याक ईगल्सलाई पराजित गरेर अल्पाइन स्पोटिङ क्लबले 'कञ्चनजङ्घा शिल्ड २०२०' को उपाधि आफ्नो नामगरेको छ सिक्किम क्रिकेट एसोसिएशनको तत्वधानमा आयोजित यस प्रतियोगिताको फाइनलमा उक्त दुई दलबीच भिड्न्त भएको थियो। टस जितेर पहिले ब्याटिङ गर्दै अल्पाइन स्पोटिङ क्लबले प्रतिद्वन्द्वी दललाई १२५ रनले हरायो। उक्त अवसरमा मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रुपमा उपस्थित रहनुभएको थियो भने खेल एवं युवा मामिला विभाग मन्त्री कुञ्जा निमा लेप्चा विशिष्ट अतिथिको रुपमा उपस्थित रहनुभएको थियो। यस अतिरिक्त मन्त्री कर्मा लोडे भोटिया, श्री अरुण उप्रेती, सञ्जीत खरेल,

हल पृष्ठ ३ मा..

# विश्व मत्स्य पालन दिवस सम्पन्न



**गान्तोक।**
सिक्किम सरकारको मत्स्य निदेशालयले पूर्व सिक्किमको मेमेन्छुमा विश्व मत्स्य पालन दिवस आयोजना गरियो। कार्यक्रममा वन तथा पर्यावरण विभागका मन्त्री श्री कर्मा लोडे भोटिया मुख्य अतिथिका रूपमा उपस्थित रहनुभएको थियो भने पशुपालन एवं पशु चिकित्सा सेवा विभाग मन्त्री श्री लोकनाथ शर्मा, विशिष्ट अतिथिका रूपमा उपस्थित रहनुभएको थियो। यस्तैप्रकारले निर्देशक मत्स्य पालन निर्देशक श्री एस प्रधान लगायत मत्स्य निदेशालय वन विभागका अधिकारी अनि कर्मचारी लगायत चारै जिल्लाका ट्राउट पालकहरुको उपस्थिति रहेको थियो।
आफ्नो संबोधनमा मुख्य अतिथिले माछा पालनको महत्वमाथि प्रकाश पार्नुहुँदै राज्यमा बढ्दो मागहरूको पूर्ति गर्न अझ सर्मर्पित र प्रगतिशील हुन प्रोत्साहित गर्नुभयो। उहाँले यदि जनताले आ-आफ्नो क्षेत्रमा ध्यान र दृढ संकल्प राखे मात्र राज्यले सरकारको सिक्किमलाई दिगो र आत्मनिर्भर राज्यमा रूपान्तरण गर्ने सपना पूरा हुनेछ भन्नुभयो। उहाँले १९२५ मा छ्योगेल शासनमा पनि राज्यमा मत्स्य पालन गरेको इतिहासमाथि प्रकाश पार्नुभयो।
कार्यक्रमलाई सम्बोधन गर्नहुँदै पशुपालन एवं पशु चिकित्सा सेवा विभाग मन्त्री श्री एल.एन शर्माले विश्व माछा पालन दिवस लगभग १२०० फिट उचाईमा पहिलो पटक राज्यमा मनाईरहेको जानकारी दिनुभयो। उहाँले मत्स्य निदेशालयले ग्रामीण जनतालाई उत्प्रेरित गरी लाभार्थीहरूलाई विभिन्न योजना र लाभहरु प्रदान गर्दै माछा पालन क्षेत्रमा दिगो विकासको लागि अथक प्रयास गरिरहेको छ भन्नुभयो।
उहाँले मत्स्यपालन क्षेत्रमा राज्यमा राम्रो आय आर्जनका अवसरहरू बताउँनुहुँदै माछा पालन व्यवसायमा संलग्न युवाहरूलाई प्रोत्साहित गर्नुभयो। राज्यमा ट्राउट माछाको बढ्दो माग रहेकोले मत्स्य पालकहरुले यस क्षेत्रमा लागि पर्ने उत्सुक्ता देखाएको कुरा पनि बताउँनुभयो।
मन्त्रीले कृषि, बागवानी, दुग्ध उत्पादन क्षेत्रको विकासको निम्ति राज्य सरकारद्वारा गरिएको योजनाहरु दोहोऱ्याउनुहुँदै सरकारद्वारा जनताको हीतको निम्ति शुरु गरिएको योजनाहरु सदुपयोग गर्ने सुझाउ पनि दिनुभयो। प्रकति सम्पदाले धनी अनि सुन्दर मेंमेछुमा निकट भविष्यमा एक्का संस्कृति विकास गर्ने कुरा पनि साझा गर्नुभयो। आउँदो वर्षदेखि विश्व माछा पालन दिवस अझ सुव्यवस्थित ढङ्गले पालन गरिने अनि प्रगतिशील मत्सय पालकहरुलाई सम्मान अनि पुरस्कार प्रदान गर्ने जानकारी पनि मन्त्रीले दिनुभयो।
कार्यक्रममा मुख्य अतिथि अनि विशिष्ट अतिथिले पाङ्थाङको श्री प्रेमकुमार राई अनि अनि दरामदिनका श्री मन बहादुर छेत्रीलाई बेस्ट ट्राउट फार्मर अवार्डद्वारा पुरस्कृत गर्नुभयो। यसका साथै अप्पर श्रीबदम रेनबो ट्राउट रियरीङ कोपरेटिभ सोसाइटीलाई बेस्ट पर्फमिङ ट्राउट कोपरेटिभ सोसाइटी अवार्ड प्रदान गरियो। यस अतिरिक्त टाउट पालक श्री निडुप लेप्चा, श्री अभिराज कटुवाल, श्रीमती कोपिला पाण्डेय अनि दा नर्बु शेर्पालाई प्रगतिशील कृषक पुरस्कार प्रदान गरियो।
कार्यक्रममा मत्स्य निदेशालयका कर्मचारीहरुलाई तिनीहरूको संचालनालयमा उल्लेखनीय र प्रशंसनीय सेवाका लागि प्रशंसा पत्र पनि प्रदान गरियो। पुरस्कृत हुनेहरुमा श्री सुरेंद्र भण्डारी, आरओ फिशरीज, श्री सोनम छिरिङ भोटिया भूटिया, ब्लॉक अफिसर / फिशरीज र श्री ईश्वर गुरुङ, वरिष्ठ लेखापाल रहेका थिए।
यस अघि माननीय मन्त्रीहरूगण अनि अधिकारीगणले मेंमेछुमा रेन्बो ट्राउट फार्मिङको निरीक्षण भ्रमण पनि गर्नुभएको थियो।
विश्व मत्स्यपालन दिवसको अवसरमा मेंमेछु तालको वरपर व्यापक सरसफाई गरियो। यो अभियानको नेतृत्व माननीय वन तथा पशुपालन एवं पशु चिकित्सा सेवाका मन्त्रीहरूले गर्नुभएको थियो भने यस अभियानमा मत्स्य पालन तथा वन विभागको पदाधिकारी, कर्मचारीहरूले पनि भाग लिएका थिए। वन विभाग मन्त्रीले यस ताल र यसको वरिपरि सफा र स्वच्छ बनाउन पनि सबैसित आग्रह पनि गर्नुभयो।।

# पाल्जर स्टेडियम सर्वसाधारणका लागि खुल्ला

**गान्तोक।**
कोभिड १९-का कारण लामो समयदेखि बन्द अवस्थामा रहेको गान्तोकको पाल्जर स्टेडियम सर्वसाधारणको निम्ति खोलिएको छ। खेलकुद विभाग सचिव राजु बस्नेतले स्टेडियममा आयोजित पत्रकार सम्मेलनमा यसको जानकारी दिनुभयो। सचिव बस्नेतले बताउँनुभए अनुसार पाल्जर स्टेडियमलाई कोभिड हेरचाह केन्द्रबाट मुक्त गरिएको छ, जसपछि अब मानिसहरूका निम्ति यो स्टेडियम खुल्ला रहनेछ। उहाँले बताउँनुभएको छ कि स्टेडियमलाई धेरैपल्ट सेनिटाइज गरिसकिएको छ अनि यहाँ खेलाडीहरू तथा भ्रमणकारीहरुको प्रवेशका निम्ति मानक परिचालन प्रक्रिया (डजझ) पनि जारी गरिएको छ। खेलाडीहरू तथा अन्य खेलकुदप्रति उत्सुकहरूको अनिवार्यरूपमा पञ्जीकरणको आवश्यकता पर्नेछ। यसका साथै आधार कार्ड लिङ्क भएको प्रमाणपत्र पनि जारी गरिनेछ. जुन स्टेडियममा प्रवेश गर्दाको समयमा साथमा लिएको हुनुपर्नेछ।
यस अतिरिक्त, पाल्जर स्टेडियममा आउने सबै भ्रमणकारीहरूले आफ्नो मोबाइल फोनमा आरोग्य सेतु एप इन्स्टल गरेर अप्डेट गर्न आवश्यक छ अनि अन्य प्रक्रिया बाहेक अनिवार्यरूपमा सामाजिक दुरी कायम गर्नुपर्नेछ। खेलो इण्डिया परियोजनाअन्तर्गत केन्द्र सरकारले राज्यका निम्ति खेलकुद पूर्वाधारको विकास गर्न ९ करोड रुपियाँको स्वीकृति दिएको छ। यसमध्ये, ४.९ करोड रुपियाँ पाल्जर स्टेडियम परिसरको पुनः विकासका निम्ति प्रयोग गरिने कुरा पनि उहाँले बताउँनुभयो।

# कोविड १९ प्रकोपको समयमा सुरक्षाको निम्ति प्रतिरोधात्मक क्षमता बढाउने उपायहरु

कोविड १९- को प्रकोपको कारण आज विश्वभरी मानिसहरु पीडित छन्। यस्तो विकट स्थितिमा प्रकृतिक रक्षा प्रणाली **(immunity)** बढाउनले शरीरलाई स्वास्थ्य राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। हामी सबैलाई ज्ञात भएकै कुरा हो कि रोकथाम नै उपचार भन्दा उत्तम हो । कोविड १९ को निवारणको निम्ति अहिलेसम्म कुनै दवाई अनि खोपहरु विकसित भएको छैन, तसर्थ यस प्रकोपबाट बाँच्नको निम्ति निवारक उपायहरु अप्नाउन सके राम्रो हुनेछ।

आयुर्वेद जीवनको विज्ञान भएकोले सुस्वास्थ्य र आनन्दित जीवनको निम्ति प्रकृतिक वरदानको प्रचार गर्दछ। आर्युवेदले सुस्वास्थ्य जीवनको निम्ति रक्षात्मक हेरचाहको अवधारण दिनचार्य-दैनिक नियम ऋतुचार्य-मौसमी नियमबाट लिएको हो। यो वनस्पति आधारित विज्ञान हो। प्रत्येक व्यक्तिले आफ्नो प्रतिरोधात्मक क्षमताको विकास गरे पश्चात मात्र स्वसचेतना, स्वजागृत अनि स्व-सामञ्जस्यता कायम राख्न सक्ने कुरा आर्युवेदिक शास्त्रीय शास्त्रमा जोर दिएको छ।

आयुष मन्त्रालयले श्वासप्रश्वास स्वास्थ्यलाई विशेष सन्दर्भ गर्दै रक्षात्मक स्वास्थ्य उपायहरु र प्रतिरोधात्मक क्षमता बढाउनको निम्ति निम्नलिखित निर्देशनहरु जारी गरेको छ। यो स्वास्थ्य रक्षाका उपायहरु आर्युवेद साहित्य अनि वैज्ञानिक प्रकाशनहरुद्वारा समर्थित छन्।

**साधारण उपायहरु**

१ दिनभरी तातो पानी पिउने।
२ नियमित योगासना, प्रणायम गर्ने अनि आयुष मन्त्रालयद्वारा दिएको सुझाउ अनुसार ३० मिनट ध्यान गर्ने।
३ हल्दी, जीरा, धनिया अनि लसुन जस्ता मसलाहरु खानामा प्रयोग गर्ने।

आर्युवेदिक रोग प्रतिरोधात्मक क्षमता बढाउने उपायहरु

१ बिहान दैनिक रुपमा एच चमच्च च्यवनप्राश खाने। मधुमेहको रोगीहरुले चिनीमुक्त अथवा शुगरफ्री च्यवनप्रश लिनुपर्ने,
२ दिनमा एक दुईपल्ट हर्बल चिया पिउने अनि तुलसी, दालचिनी, कालोमरिच, सुखा अदुवा अनि मुनाक्काले बनाएको काढा पिउने। स्वाद बढाउनको निम्ति गुँड अनि निम्बुको रस प्रयोग गर्न सकिनेछ।
३ १५० एम.एल गरम दूधमा आधा चमच्च हल्दी मिलाएर दिनमा एक अथवा दुईपल्ट पिउने।

**सरल आयुर्वेदिक उपायहरु**

१ बिहान अनि बेलुकी नाकको दुवैवटा प्वालमा तिलको तिल अथवा नरीवलको तेल अथवा घीउ लाउने।
२ एक चमच्च तिल अथवा नरिवलको तेल मुखमा हाल्ने, यसलाई नपिएर मुखमा दुई तीन मिनट राखेर फ्याँक्ने, यसपश्चात मन तातो पानीले मुख पखाल्ने। यो प्रकृया दिनमा एक अथवा दुईपल्ट गर्न सकिनेछ।

**सुखा खोकी अथवा घाँटी दुखेमा**

१ दिनमा एक पल्ट पुदिनाको पात अथवा अजवाइन पानीमा उमालेर पानीको भाप लिने।
२ सुखा खोकी अनी घाँटी दुखेमा ल्वाङ अनि गुँड अथवा मह मिलाएर दिनमा दुई अथवा तीनपल्ट जति पिउने

यी उपायहरुले विशेष गरी सुखा खोकी अनि घाँटी दुखेकोमा आराम दिँदछ। तथापि लक्षण गम्भीर रहेमा डाक्टरकोमा जाँच गराए उत्तम हुनेछ।

माथिका उपायहरू व्यक्तिको सुविधाअनुसार सम्भव हदसम्म अनुसरण गर्न सकिन्छ। यी उपायहरूले संक्रमण रोक्नको निम्ति व्यक्तिको प्रतिरोधात्मक क्षमता बढाउने हुनाले देशभरीका प्रतिष्ठित वैद्यहरू क्रमैले पद्म श्रीवैद्य पी.आर कृष्णकुमार, कोयमबटुर, पद्म भूषण वैद्य देवेन्द्र त्रिगणा, दिल्ली, वैद्य पी.एम. वरियर, कोटाक्कल, वैद्य जयन्त देवपूजारी, नागपूर, वैद्य विनयय वेलामर, थाने, वैद्य बी.एस.प्रसाद, बेलगाम, पद्मश्री वैद्य गुरदीप सिंह, जामनगर, आर्चाय बालकृष्णाजी, हरिद्वार, वैद्य एम.एस बाघेल, जयपूर, वैद्य आर.बी. द्वीवेदी, हरदोइ युपी, वैद्य के.एन.द्वीवेदी, वाराणसी, वैद्य राकेश शर्मा, चन्दीगढ, वैद्य अभिचल चिट्टोपाध्याय, कोलकोता, वैद्य तनुजा नेसारी, दिल्ली, वैद्य सञ्जीव शर्मा, जयपूर, वैद्य अनुप थाकर, जामनगर आदिको सुझाउ अनुसार सिफारिश गरिएको हो।

अस्वीकरण- माथि उल्लेखित रक्षात्मक सुझाउहरुले कोभिड १९-को उपचारको दावी गर्न सक्दैन।

*सिक्किम जैविक अभियानमा हामी सबै लागि परौं।*
*रसायनिक प्रयोगबाट अलग रही जैविक खेतीको उत्पाद बड़ाऔं।।*

# ग्राम पञ्चायत विकास योजनालाई लिएर सभा सम्पन्न



**गान्तोक।**
ग्रामीण विकास विभागको सम्मेलन कक्षमा आज राज्यमा ग्राम पञ्चायत विकास योजनाको तयारीमा भागीदारीको व्यवहारको बारेमा विचार-विमर्श गर्न विभिन्न विभागका चयनित नोडल अधिकारीहरूको एक सभा बस्यो। सभाको अध्यक्षता ग्रामीण विकास विभाग सचिव सीएस रावले गरेका थिए।

ग्राम सभामा योजनाको प्रस्तुतिकरण अनि सहभागितालाई ध्यानमा राखेर नोडल अधिकारीहरूको भूमिका र जिम्मेवारी साथै मानिसहरूमा ग्राम सभाको मितिको सही सूचना पुऱ्याउने ध्येयले ग्राम पञ्चायत एकाई (जीपीयू)-भित्र सही ढङ्गमा माइकिङ गरिनुपर्ने जस्ता निर्णयहरू पनि सभामा गरिए। ग्राम पञ्चायतहरूलाई वर्ष २०२१-२२-का लागि समग्र ग्राम पञ्चायत विकास योजनाको तयारी गर्न सहयोग पुऱ्याउने उद्देश्यले सही समन्वय र सहभागिताका निम्ति सबै नोडल अधिकारीहरूमाझ ग्राम सभाको अस्थायी मिति साझा गरियो।

# जल जीवन अभियानमाथि सभा सम्पन्न



**मङ्गन।**
उत्तर सिक्किमका जिल्लापालको च्याम्बरमा जल जीवन अभियानलाई लिएर सभा सम्पन्न भयो। सभाको अध्यक्षता अभियानका मुख्य कार्यकारी अधिकारी एवं उत्तरका जिल्लापाल तेन्जिङ टी केलियोनले गर्नुभएको थियो।।सभाको उद्देश्य प्रत्येक ग्रामीण परिवारमा क्रियाशील घरेलु कल सम्पर्क (FHTC)-को उपलब्धता, गुणस्तरीयताबाट प्रभावित क्षेत्रमा FHTC प्रावधानको प्राथमिकता, कल सम्पर्कको कार्यक्षमताको निगरानी, जलापूर्ति प्रणाली स्थिरताको सुनिश्चित गर्नु तथा हितधारकहरूको सहभागितामा सुरक्षित पिउने पानीको विभिन्न पक्षबारे जागरूकता फैलाउनु रहेको थियो।

### अल्पाइन स्पोर्टिङ क्लब...

लोकसभा सांसद लगायत विधायकगण, सल्लाहकरगण, विभिन्न विभागका विभागप्रमुख, वरिष्ठ अधिकारीगण अनि स्थानीय जनसाधारणको उपस्थिति रहेको थियो। मुख्यमन्त्रीलाई एसोसिएशनको तर्फबाट अभिनन्दन पनि जनाइयो। यस अवसरमा मुख्यमन्त्रीले माइनिङ ग्राउण्डको लिज एग्रिमेन्ट पेपर एसोसिएशनका अध्यक्ष लोब्जाङ जी, सुम्पिनुभयो। मुख्यमन्त्रीले फाइनल खेलका दुवै टीमलाई आफ्नो तर्फबाट १-१ लाख रूपियाँ प्रोत्साहन राशि पनि प्रदान गर्नुभयो। खेल समापन पश्चात पत्रकारहरुलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री श्री तामाङले सिक्किम क्रिकेट एसोशिएसनले राज्यमा यसप्रकारको खेल आयोजना गरी धेरै राम्रो काम गरिरहेको उल्लेख गर्नुभयो। उहाँले कुनै पनि खेलले मानिसलाई जीवनमा स्वास्थ्य रहने सिख दिने उल्लेख गर्नुहुँदै आफू संव्यलाई पनि सबैप्रकारको खेल मन पर्ने कुरा साझा गर्नुभयो। सिक्किमलाई खेल जगतमा विश्वलाई चिनाउन राज्य सरकारद्वारा सबै खेलहरुलाई प्रोत्साहन गर्ने कुरा पनि बताउँनुभयो। कार्यक्रममा खेल विभाग मन्त्रीले मुख्यमन्त्रीले शुरुवातदेखि नै राज्यमा खेल संस्कृति विकास गर्न काम गरिरहेको उल्लेख गर्नुभयो। उल्लेखनीय छ, यो प्रतियोगितामा चारै जिल्लाका कुल आठ क्रिकेटल क्लबले भाग लिएका थिए।

# पीठासीन अधिकारीको सम्मेलनमा एसएलए अध्यक्ष र उपाध्यक्ष उपस्थित




**नयाँ दिल्ली।**
राष्ट्रपति रामनाथ कोविन्दले जन प्रतिनिधिहरू तथा प्रजातान्त्रिक संस्थानहरू अघिको सबैभन्दा ठूलो चुनौती भनेको मानिसहरूको आशा पूरा गर्नु हो भन्नुभएको छ। गुजरातको केभाडियामा पीठासीन अधिकारीहरूको ८०औं अखिल भारत सम्मेलनको उदघाटन गर्नुहुँदै उहाँले भन्नुभयो, जन प्रतिनिधिहरूबाट यो अपेक्षा गरिन्छ कि उनीहरू लोकतन्त्रको सिद्धान्तप्रति संधै ईमान्दार रहुन्। उहाँले थप भन्नुभयो, भारतीय संस्थानहरू यस्तो समयमा अधिक दह्रिलो हुँदैछन्, जब विश्वभरिका प्रजातान्त्रिक संस्थानहरूमाथि प्रश्न उठाइँदैछ। भारतीय पौराणिक पुस्तकहरूमा प्रजातान्त्रिक मूल्यको उल्लेख गरिएको कुरा स्पष्ट पार्नुहुँदै राष्ट्रपतिले भन्नुभयो, हाम्रो संस्थापक व्यक्तित्वहरूले संविधानमा यी भावनाहरूलाई अन्तिम रूप दिएका थिए। राष्ट्रपति कोविन्दले यो सम्मेलन एकताको प्रतिमा- सरदार बल्लभभाइल पाटेलको विश्वकै सबैभन्दा उच्च प्रतिमा परिसरमा आयोजन गरिएकोमा खुशी व्यक्त गर्नुभयो। उपराष्ट्रपति एम भेङकैया नाइडुले आफ्नो सम्बोधनमा भन्नुभयो, विधानमण्डल, कार्यपालिका र न्यायपालिकाबीचको समान समन्वय सक्षम प्रजातन्त्रका लागि महत्त्वपूर्ण छ। यस वर्षको सम्मेलनको प्रतिविषय विधानमण्डल, कार्यपालिका र न्यायपालिकाको समान समन्वय सक्षम प्रजातन्त्रका लागि महत्त्वपूर्ण हुन्छ रहेको छ। सिक्किम विधानसभा अध्यक्ष एलबी दास अनि उपाध्यक्ष साङ्गे लेप्चा ८०औं अखिल भारत पीठासीन अधिकारीगणको सम्मेलनमा उपस्थिति जनाउँनुभएको थियो।

# खेलकुद विभागद्वारा खेलाडीहरूलाई प्रोत्साहन राशि प्रदान

**गान्तोक।**
राज्यको खेलकुद तथा युवा मामिला विभागले २५ नोभेम्बरका दिन गान्तोकको चिन्तन भवनमा आयोजित एक कार्यक्रमबीच खेलाडीहरूलाई प्रोत्साहनस्वरूप नगद राशी प्रदान गरेको छ।

यस अवसरमा मुख्य अतिथि रहेका खेलकुद विभाग मन्त्री कुङ्गा निमा लेप्चाले भन्नुभयो, प्रत्येक व्यक्तिको स्वास्थ्यमा खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ अनि राज्य सरकारले खेलको विकास गर्न प्रोत्साहन प्रदान गर्दै आइरहेको छ। उहाँले केन्द्र सरकारको खेलो इण्डिया अनि फिट इण्डिया जस्तो खेलकुदको विकासका पहलबारे प्रकाश पार्नुभयो। खेलकुद मन्त्रीले भन्नुभयो, खेलाडीले पहिला राज्यलाई प्रतिनिधित्व गर्ने लक्ष्य राख्नुपर्छ अनि अन्तरराष्ट्रिय स्तरमा राष्ट्रलाई। समारोहमा सिक्किम बक्सिङ संगठनका अध्यक्ष एवं अर्जुन पुरस्कारले पुरस्कृत बक्सर जसलाल प्रदान पनि उपस्थित थिए। खेलकुदमा आफ्नो व्यक्तिगत जीवनको अनुभव साट्दै प्रधानले भने, खेलाडीलाई प्रोत्साहित गर्न यस प्रकारको प्रोत्साहनले महत्त्वपूर्ण भूमिका खेल्दछ। किक बक्सिङ, स्ट्रेन्थ लिफ्टिङ, टेबल टेनिस, ताइक्कान्डो, हुस्सु, ब्याडमिन्टन, बासकेटबल, फूटबल तथा करातेसहित विभिन्न क्षेत्रका कुल १३२-जना खेलाडीहरूलाई प्रोत्साहन राशि प्रदान गरियो।

### गेजिङ जिल्ला अस्पताल...

केन्द्रहरूमा चाहिने विभिन्न उपकरण पनि वितरण गरिएको कुरा बताउँनुभयो। उहाँले अझ भन्नुभयो, छोटो समयमा राज्य सरकारले स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय काम गरिसकेको छ।

मुख्य अतिथिको आसनवाट बोल्नुहुँदै मन्त्री लोकनाथ शर्माले भन्नुभयो, मुख्यमन्त्रीको स्वास्थ्य प्रति रहेको सकारात्मक सोचकै कारण जिल्ला अस्पताललले छोटो अवधिमा धेरै उपलब्धि हासिल गरेको छ।

सम्पूर्ण जिल्लावासीको तर्फबाट यसका निम्ति उहाँले मुख्यमन्त्रीप्रति कृतज्ञता व्यक्त गर्नुभयो। राज्य सरकारले स्वास्थ्य क्षेत्रलाई विशेष प्राथामिक्ता दिँदै जिल्ला अस्पतालहरूमा आवश्यक वस्तुहरूको जड़ान गरिरहेको बताउँनुहुँदै मन्त्रीले यसै सिलसिलामा आज अझअर्को उपलब्धिको रूपमा आईसीयू-को उद्घाटन भएको बताउनुभयो।

कर्मनिष्ठा भएर मनबाटै काम गरे गाउँको विकास धेरै हुन्छ।

यस जिल्लाका मानिसहरूका निम्ति सबैभन्दा ठूलो विकास भनेको स्वास्थ क्षेत्र हो, जुन वर्तमान सरकारले छोटो समयमा गरेर देखाएको छ। गेजिङ जिल्ला अस्पतालमा स्वस्थ्य सुविधाको निम्ति आवश्यक सामग्री जड़ान गरिनु भनेको समग्र सिक्किमको विकास हो, मन्त्री लोकनाथ शर्माले भनुभयो। उहाँले भन्नुभयो, कोरोना भाइरसको महामारीसित लड्दै जिल्ला प्रशासनको सहयोगमा स्वस्थ्य कर्मीहरूले गरेको उल्लेखनीय सेवाको फलस्वरूप आज जिल्ला अस्पतालमा सुधार आएको छ।

यस जिल्लाले स्वास्थ्यको क्षेत्रमा झेल्न परिरहेका अनेकौं समस्यलाई ध्यानमा राखेर विभिन्न सुविधा उपलब्ध गर्नु सरकारको तर्फबाट उल्लेखनीय कार्य हो, उहाँले भन्नुभयो। । मन्त्रीले यस अस्पतालमा आइलेसिस केन्द्रका साथै अब शुरू भएको आईसीयूबाट अब जिल्लावासीलाई धेरै लाभ प्राप्त हुनेछ भने। कार्यक्रममा सीएसआर कोषबाट यस जिल्लाका प्राथमिक स्वास्थ्य केन्द्रहरूलाई उपकरणहरू मुख्य अतिथि एवं विशिष्ट अतिथिको बाहुलिद्वारा प्रदान गरियो।

# मुख्यमन्त्रीद्वारा पूर्वाधारहरुको उद्घाटन



**गान्तोक।**
मुख्यमन्त्री प्रेमसिंह तामाङले गत २० नोभेम्बर–२०२० को दिन पूर्व जिल्लाको मार्चकस्थित सिक्किम साइन्स सेन्टरमा निर्मित पूर्वाधारहरुको उद्घाटन गर्नुभयो। सिक्किम सरकारले भारत सरकारको संस्कृति मन्त्रालयको सहयोगमा डिजीटल तारामण्डल, थ्री डी थिएटर, जैवविविधता ग्यालेरी र इनोभेशन हब जस्ता पूर्वाधार विकसित गरिएको हो।

उक्त पूर्वाधार उद्घाटनको अवसरमा विज्ञान तथा प्रोद्योगिकी विभागका मन्त्री श्री कर्मा लोडे भोटिया, मन्त्रीमण्डलका सदस्यगण, रुमतेक मार्तमका क्षेत्र विधायक, विभिन्न विभागका विभागप्रमुख, पूर्व जिल्लाका जिल्लापाल, अधिकारीगण, शिक्षक र विद्यार्थीहरुको उपस्थिति रहेको थियो। पूर्वाधार उद्घाटन पश्चात कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्रीले विज्ञान तथा प्रोद्योगिकी विभागलाई यस उपलब्धिको निम्ति बधाई दिनुभयो। उक्त नवनिर्मित पूर्वाधारहरुले विशेष गरी विद्यार्थीहरुलाई शिक्षा, मनोरञ्जन प्रदान गर्न साथै विद्यार्थीहरुको बुद्धी विकासमा सहयोग पुग्ने कुरा बताउँनुभयो। उहाँले विशेष गरी विद्यार्थीहरुलाई सम्बोधन गर्नुहुँदै विज्ञान अनि गणित विषयमा डरभन्दा पनि रुची लिएर पढ्ने सुझाउ दिनुभयो। राज्य सरकारले राज्यमा गुणात्मक शिक्षा विस्तारको निम्ति सरकारले प्राथमिकता दिँदै त्यही अनुसार काम गर्दै आएको उल्लेख गर्नुहुँदै विद्यार्थीहरुलाई सरकारद्वारा उपलब्ध यसप्रकारको सुविधाहरुबाट भरपूर फाइदा उठाउँने सुझाउ दिनुभयो। सरकारद्वारा शिक्षा क्षेत्रमा गरेको लगानी निवेश हो, खर्च होइन भन्नुभयो। विद्यार्थीहरुको कल्याणको निम्ति यस लकडाउनको अवधि पनि विद्यार्थीहरुको शिक्षा सुचारु रुपमा सञ्चालन गराउँन सरकारले नोभेम्बरदेखि आठौंदेखि एघाह्रौं श्रेणीसम्मका सबै विद्यार्थीहरुलाई स्मार्ट टीभी प्रदान गर्ने घोषणा गर्नुभयो। सरकारको यो योजनाबाट विद्यार्थीहरुको अनलाइन क्लासमा धेरै सहयोग पुग्ने बताउँनुभयो। यसै अवसरमा मुख्यमन्त्रीले च्याखुङ साइन्स कलेजलाई बढोत्तरी गरी सेन्टर फर एक्सिलेन्स बनाउने साथै बुर्तुक कलेजलाई पनि स्तरोन्नति गरेर यसलाई राज्य र राज्यबाहिरका विद्यार्थीहरुको लागि सुविधासम्पन्न बनाउने जानकारी दिनुभयो।

राज्य वा राष्ट्र अघि बढ्नका लागि प्राविधिक रुपले स्थिर र दक्ष हुनु अत्यन्त महत्वपूर्ण हुन्छ भन्नुहुँदै मुख्यमन्त्रीले सूचना प्रोद्योगिकी क्षेत्रको महत्वमाथि प्रकाश पार्नुभयो। सफल कार्य सञ्चालन अनि अन्य धेरै प्रगतिमूलक कार्यहरुको निम्ति सूचना प्रोघिगीको महत्वलाई ध्यानमा राख्दै राज्यका १७ वटा खण्ड प्रशासनिक केन्द्रहरुमा इन्टरनेट सेवा जडान गरिएको जानकारी दिनुभयो।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै विभागीय मन्त्री श्री कर्मा लोडे भोटियाले यी पूर्वाधारहरुले विद्यार्थीलाई अन्वेषण तथ अनुसन्धानमा ठूलो सघाउ पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उक्त अवसरमा उहाँले राज्यका विद्यार्थीहरुलाई शिक्षा क्षेत्रमा प्राप्त यस महत्वपूर्ण उपलब्धिको निम्ति विद्यार्थीहरुलाई बधाइ दिनुहुँदै यी पूर्वाधारहरुबाट सदपुयोग गरेर अघि बढ्ने विद्यार्थीहरुलाई आह्वान पनि गर्नुभयो।

# चारवटा जीपीयू–का निम्ति सहुलियत वितरण कार्यक्रम सम्पन्न

**गेजिङ।**
गेजिङ–बर्मेक क्षेत्रका विभिन्न ग्राम पञ्चायत एकाईका लाभार्थीहरूलाई सिक्किम गरिब आवास योजनाअन्तर्गतको टोकन र अनुमति पत्र प्रदान गरियो। गत ९ नोभेम्बरका दिन हि मार्ताम खण्डका चारवटा ग्राम पञ्चायत एकाईअन्तर्गतका लाभार्थीहरूलाई एसजीओवाई–अन्तर्गतको टोकन प्रदान गर्न मार्ताम ग्राम प्रशासनिक केन्द्रमा कार्यक्रम आयोजन गरिएको थियो।

सो अवसरमा मुख्य अतिथिका रूपमा उपस्थित क्षेत्र विधायक एवं मन्त्री श्री लोकनाथ शर्माले मार्ताम, पेचरेक–हि पाताल, बर्मेक–बर्थाङ र चिनथाङ ग्राम पञ्चायत एकाईका लाभार्थीहरूलाई सहुलियत वितरण गर्नुभयो।

यसरी नै ११ नोभेम्बरका दिन सम्पन्न कार्यक्रममा मन्त्री श्री लोकनाथ शर्माको बाहुलीबाट गेजिङ–ओमचुङ ग्राम पञ्चायत एकाईको पाँचवटा वार्डका कुल १९ परिवारलाई सिक्किम गरीब आवास योजनाअन्तर्गतको लाभ प्रदान गरियो।

यसका निम्ति गेजिङ–ओमचुङ ग्राम प्रशासनिक केन्द्रमा विशेष कार्यक्रम आयोजन गरिएको थियो। आफ्नो सम्बोधनमा मन्त्री श्री शर्माले वर्तमान राज्य सरकारको कुशल नेतृत्वमा गरिब जनतालाई सहयोग गर्दै माथि उठाउने उद्देश्यले प्रत्येक निर्वाचन क्षेत्रमा गरिब आवास योजनाअन्तर्गत एक सयवटा घर निर्माण गर्ने निर्णय लिएको बताउनुभयो।

सरकारबाट प्राप्त सहुलियतलाई सहीरूपमा प्रयोग गरी यसको उपभोग गरिदिने लाभार्थीहरूसित मन्त्रीले आग्रह गर्नुभयो।

नमूनाको गाउँको रूपमा रूपान्तरण गरिएको मियोङ–चिनथाङमा अहिले विभिन्न योजनाहरू कार्यान्वित गरिएको, जसलाई आधुनिक तक्निकीसितै अघि बढाउने सोच रहेको मन्त्रीले जानकारी दिनुभयो। मन्त्री श्री लोकनाथ शर्माले वर्तमान महामारीको समयमा पनि सरकारले गरेको विकासमुलक कार्यक्रमको बारेमा जानकारी दिनुभयो।

**प्रधानमन्त्रीसितको सम्मेलन....**

शुरुवाती क्षणमा सबैमा खोप उपलब्ध गर्नअघि टिकाकरण कार्यक्रममा अग्रिम पंक्तिका यौद्धा तथा एक भन्दा अधिक रोगले ग्रस्त मानिसहरूलाई प्राथमिकता दिइनेछ। प्रधानमन्त्रीको छुट्टैरूपमा देशमा कोरोना भाइरसको अवस्थाको समिक्षा गर्न राज्य तथा केन्द्रशासित प्रदेशका मुख्यमन्त्रीहरूसित सभा भएको थियो। उच्चस्तरीय समिक्षा सभामा केन्द्रिय गृह मन्त्री अमित शाह, स्वास्थ्य मन्त्री डा. हर्ष वर्धन, मन्त्रीमण्डलका सचिव राजीव गउबा, स्वास्थ्य सचिव राजेश भुषण तथा नीति आयोग सदस्य डा. भीके पलको उपस्थिति थियो।

# वर्तमान सरकार गाउँमुखी भएकोले कृषिमाथि काम भइरहेछः लोकनाथ शर्मा



**गेजिङ।**
वर्तमान सरकारले कृषि क्षेत्रको विकासको निम्ति धेरै योजनाहरु कार्यन्वयन गर्दै आएको छ। कृषि अनि पशुपालन क्षेत्रलाई बढावा दिन धेरै योजनाहरु कार्यन्वित गरीसकेका छन्। पश्चिम सिक्किमस्थित तोयाङमा आयोजित चार दिवसीय धान कटाई उत्सवको समापन समारोहलाई सम्बोधन गर्नुहुँदै मुख्य अतिथि कृषि मन्त्री लोकनाथ शर्माले कृषकहरूको निम्ति यो एउटा इतिहासीक दिन हो, वर्तमान सरकार गाउँमुखि भएको कारण अहिले कृषकहरूलाई ध्यानमा राखेर लगातारूपमा विभिन्न कृषिआधारिक काम गर्दै आइरहेको छ भन्नुभयो। उहाँले वर्तमान सरकारले शुरुवाती दिनदेखि नै कृषकहरूलाई कृषि क्षेत्रमा प्रोत्साहन गर्न अनि खेतीपातीमा आकर्षित गर्न विभिन्न सहयोग गर्दै आइरहेको कुरा बताउँनुहुँदै कृषकहरूको आर्थिक अवस्थामा सुधार गर्ने ध्येयले सरकारले विभिन्न कृषिसम्बन्धि कार्यक्रमहरू गर्दै आइरहेको अनि कृषिको क्षेत्रमा उत्कृष्टता हासिल गर्नेलाई पुरस्कार पनि प्रदान गरिरहेको कुरा बताउँनुभयो।

याङथाङ क्षेत्रको तोयाङमा सचिदानन्द समाजद्वारा सिक्किममै पहिलोपल्ट आयोजित उत्सवमा विभिन्न संस्कृतिक एवं खेलकुद गतिविधिहरू सामेल गरिएको थियो। समारोहमा क्षेत्र विधायक एवं मन्त्री भिमहाङ सुब्बा, सिक्किम राज्य ब्याङ्कका अध्यक्ष डीबी गुरूङ, सीडीको–का अध्यक्ष जनक गुरूङ, जन स्वास्थ्य अभियान्त्रीकि विभाग अध्यक्ष हरिनारायण सुवेदी लगायत अन्यको उपस्थिति थियो।

कृषकहरूलाई कृषिको क्षेत्रमा अझ आकर्षित गर्ने ध्येयले आयोजित उत्सवको निम्ति समाजलाई धन्यवाद दिनुहुँदै मन्त्री शर्माले यो समय भनेको खेत–बारीबाट अन्न–बाली उठाएर घरमा लगेर थन्क्याउने समय हो भने। पहिलो चरणमा एक ग्वालाले प्रतिमहिना २१ हजार ३६० रुपियाँसम्म प्राप्त गरेको बताउँनुहुँदै मन्त्री शर्माले भन्नुभयो , दूध उत्पादनमा अब सिक्किम आत्मनिर्भर हुनपर्छ, जसको निम्ति ग्वालाहरूलाई सहयोग गर्न सरकार र विभाग पूर्णरुपले तत्पर छ। दूध उत्पाद गर्ने किसानहरूको निम्ति मोडल काउ सेड निर्माण गरिदिने, वर्षाको समयमा कारणवस दूध खराब भएको खण्डमा सरकारले नोक्सानको भरपाइ गरिदिने, गौचरण खुल्ला गरिदिने, ग्वाला दिवस घोषित गर्ने आदि जस्ता विभिन्न घोषणहरू राज्यका मुख्यमन्त्रीले गरिसकेको पनि बताउँनुभयो।

उहाँले, ऋणद्वारा विकास नामक कार्यक्रम लिएर सरकार अघि आएको छ, जसमा स–सानो पशु चौपायको फाम खोल्नेछ। लगनशील कृषकहरूलाई सरल प्रकारले ब्याङ्कसित तालमेल गराएर कम ब्याज दरमा लोन प्रदान गरिँदै छ। यो सिक्किमे गरीब नागरिकलाई गरिखाने बनाउने वर्तमान सरकारको लक्ष्य हो भन्नुभयो। कृषकहरूलाई असुविधा नहोस् भन्ने उद्देश्यले यस जिल्लाको निम्ति लेग्शेपमा पशुधन मेला आयोजन गरिएको, जहाँबाट कृषकहरूले इच्छाअनुसार गाई, भैंसी बाख्रा, सुगर आदिहरू किन्नसक्ने प्रवधान सरकारले गरिदिएको जानकारी पनि उहाँले दिनुभयो। उहाँले अघि भन्नुभयो, अब पैसा कमाउने हो भने शहर बजार होइन गाउँ पस्नुपर्छ। कृषि क्षेत्रमा धन प्रशस्त छ। तर आधुनिक तक्निकको प्रयोग गर्दै खेतीयोग्य पेशामा लाग्नुपर्छ।

कार्यक्रममा मुख्य अतिथि तथा विशिष्ट अतिथिगणले दाइ पनि गरे। समापन समारोहमा भलिबल प्रतियोगिताको फाइनल खेल पनि सम्पन्न भए। प्रतियोगितामा क्याङसा बोइजले तोयाङ भलिबल क्लबसित भिड्दैं जित हासिल गऱ्यो। विजयी दललाई नगद राशी रू. ५० हजारसहित आकर्षक ट्रफी र उपविजयी दललाई रू. ३० हजारसहित ट्रफी प्रदान गरियो।

**तिमिमा आयोजित शरद....**

टी बोर्डका अध्यक्ष टाशी छिरिङ भोटियाले उत्सव आयोजनको महत्वमाथि प्रकाश पार्नुभयो भने तिमि चिया कमानका महाप्रबन्धक सुनिल कुमारले कमानको संक्षिप्त रिपोर्ट पेश गर्नुभयो। उक्त अवसरमा मुख्यमन्त्रीले भवानी गुरूङले शुरू गरेको बत्ती नामक एलईडी लाइटको पनि लोकार्पण गर्नुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps 27.11. 2020